नेपाल सरकार

## महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयमा

प्रस्तुत

# वादी समुदायका महिलाका लागि लक्षित घरविकास कार्यक्रमको प्रभावकारिता अध्ययन प्रतिवेदन, २०७४


प्रतिवेदन प्रस्तुतकर्ता

महेन्द्र कुमार थापा


२८ मार्ग २०७४

## कार्यकारी सारांश

नेपालका १२५ जाति समुदायहरु मध्ये वादी समुदाय सीमान्तकृत, पिछडिएको, विभिन्न रुपमा उत्पीडित भएका बहुविपन्न र वर्षौ देखि पाखा परेका जाति समुदायका रुपमा चिनिएको करिब ३८६०३ जनसंख्या (२०३८ जनगणना) भएको जातीय समुदाय हो । १८ वौ शताब्दीताका भारतको कुमाउ गडवालतिरबाट आई नेपालमा सल्यान, जाजरकोट र मुसीकोटमा बसोबास गरेको यी समुदायको बसोबास हाल देशभर नै रहेको छ । परम्परागत रुपमा तत्कालिन राजाका दरवार, सामन्तका घरमा वा धनी व्यक्तिका घरमा नाच्ने गाउने वाद्यवादनका साधन बनाइ बेच्ने आदि कार्य गर्दथे भने आज सबै प्रकारका पेशा गर्न थालिसकेका छन् ।

यी वादी समुदायका महिलाहरुलाई आर्थिक सशक्तिकरणको माध्यमबाट आत्मनिर्भर बनाउदै आयआर्जन हुने पेशा व्यवसायमा संलग्न गराई राष्ट्रिय मूलधारमा ल्याउन नेपाल सरकारबाट आ.व. २०६१।६२ देखि “वादी समुदायका महिला लक्षित कार्यक्रमहरु (व्यवसाय संचालन तालिम, समूह समिति र संस्था गठन मार्फत बचत गर्ने ऋण लिने बानी व्यवहारका साथै सचेतना एवं नेतृत्व विकास गर्ने र घरविकास योजना कार्यक्रम) संचालन भएको देखिन्छ । आ.व.२०६२।६३, आ.व.२०६३।६४ मा यस्ता कुनै पनि कार्यक्रम नरहेका र आ.व. २०६४।६५ देखि नयाँ सोच र उद्देश्यका साथ “घरविकास योजना कार्यक्रम” संचालन भएको देखिन्छ । यस कार्यक्रमले कुल करिब ७ करोड लगानी गरी मुख्य रुपमा १० जिल्लाका २३०८ वादी महिला घरपरिवारलाई घरविकास योजना अनुदान मार्फत कार्यक्रममा समेटेको देखिन्छ ।

यस अध्ययन प्रतिवेदन तयार गर्नका लागि वादी विकास कार्यक्रमहरुको अध्ययन गर्न आयोजित अन्तरक्रिया कार्यक्रममा सहभागि महिलाहरुलाई Semi Structured ४० वटा प्रश्न (कार्यक्रमको प्रभावकारिता र कार्यक्रमले वादी महिलाको जीवनमा ल्याएको सकारात्मक परिवर्तनका सम्बन्धमा) व्यक्त विचारलाई प्राथमिक आधार र यस विषयका ज्ञाता, मंत्रालय, विभागका सम्बन्धित पदाधिकारीसंग सोधिएको अन्तवार्ताबाट प्राप्त तथ्य, सूचना एवं विवरणहरु र मंत्रालय विभागबाट प्रकाशित एवं तयार गरिएका उपलब्ध अभिलेखहरुका आधारभूत आकंडाहरुलाई माध्यमिक श्रोतका रुपमा उपयोग गरीएको छ । र अध्ययन प्रतिवेदन तयार गर्दा मिश्रित विधि (Mixed method: परिमाणात्मक र गुणात्मक विधि) बाट विश्लेषण गरी प्राप्त तथ्यहरु प्रस्तुतीकरण गरिएको छ ।

समग्रमा हेर्दा, वादी महिलालाई समाज रही संगठित हुन, बचत गर्ने र ऋण लिने बानीको विकास गराएको, आर्थिक उपार्जनका लागि व्यवसायिक सीप सिकी आर्जन गर्न सिकाएको, पुरुषले मात्र होइन महिलाले पनि आय आर्जन गर्न सक्दछन् भन्ने मान्यताको विकास गरेको, परम्परागत “पेशा” लाई पछिल्ला पुस्ताले छाड्दै जान प्रेरित गरेको जस्ता सामाजिक परिवर्तन गर्न यो कार्यक्रम सहयोगी सिद्ध भएको देखिएको छ ।

यद्यपी, नागरिकताको समस्या, वादी समुदायका एकल महिलाले सामाजिक सुरक्षा भत्ता लिन नपाएको, आय आर्जनका लागि दिइने अनुदान रकम कम (सानो अंक) भएको जस्ता समस्या र सवाल अझै वांकी रहेको पाइएको छ ।

समष्टीमा, कार्यक्रम पिछडिएको, सीमान्तकृत एवं उत्पीडित विपन्न समुदायको सामाजिक आर्थिक उत्थानका लागि भएको र कार्यक्रमले जीवन निर्वाह पद्धतिमा सकारात्मक परिवर्तन ल्याइएको पाइएकाले कार्यक्रम उपयुक्त, सान्दर्भिक नै देखिन्छ । अब यसको निरन्तरता र कार्यक्रमले समेट्ने जिल्ला समुदाय र घरपरिवार संख्या फराकिलो हुनुपर्ने देखिएको छ ।

## विषय-सूची


**विषय** **पाना नं.**

कार्यकारी सारांश- I

विषयसूची- II

**१. वादी समुदाय र घरविकास योजना ........ १**

१. वादी समुदाय १
२. वादी समुदाय लक्षित कार्यक्रम १
३. घरविकास योजना २
४. नेपालको संविधान र नेपाल सरकारको प्रतिवद्धता ३

**२. अध्ययन प्रतिवेदनको उद्देश्य, विधि, विश्लेषण र प्रस्तुतीकरण ........ ३**

१. अध्ययनको उद्देश्य ३
२. अध्ययनका लागि अपनाएको विधि ३
३. अध्ययन प्रतिवेदनको तयारी, विश्लेषण र प्रस्तुतीकरण ४
४. अध्ययनको सीमा ४

**३. कार्यक्रमको प्रभावकारिता अध्ययन विश्लेषण र प्रस्तुतीकरण ........ ५**

१. वादी समुदाय, समुदायका महिला र महिला लक्षित कार्यक्रम ५
२. घरविकास योजना कार्यक्रमको परिचय र लगानी ६
क) वादी समुदायको महिलाहरुको सहभागिता ७
ख) बचत गर्ने र ऋण लिने बानी व्यवहार ८
ग) व्यवसायिक सीप विकास तालिम र व्यवसाय संचालन ९
घ) घरविकास योजना ९
ङ) वादी लक्षित कार्यक्रममा गठित समूह १०
च) व्यक्तिगत क्षमतामा आएको परिवर्तन १०
छ) वादी महिलाको पक्षमा आएको परिवर्तन १०
ज) नेतृत्व विकास एवं अन्य संस्थामा सहभागिता ११
झ) लक्षित समूहको छनौट र संगठन गठन प्रक्रियामा सन्तुष्टिको स्तर ११
ञ) कार्यक्रमको फाइदा र सकारात्मक पक्ष ११
ट) वादी लक्षित कार्यक्रमका समस्या र सवाल ११
ठ) कार्यक्रमलाई प्रभावकारी बनाउन सुझाउ १२

**४. कार्यक्रमले वादी समुदायका नागरिकका जीवनमा पारेको प्रभाव ........ १२**

**५. निष्कर्ष ........ १३**

**६. सुझाउ ........ १४**

**७. सन्दर्भ सूची ........ १५**

अनुसूचीः ........ १६

१. वादी समुदायको जिल्लागत जनसांख्यिक विवरण, २०६८
२. वादी समुदायका महिलाका लागि लक्षित घर विकास कार्यक्रमको प्रभावकारिता अध्ययनका लागि मंत्रालयले तयार गरेको ४० प्रश्नको प्रश्नावली फाराम
३. वादी समुदायका महिलाहरुका लागि लक्षित कार्यक्रम, लगानी र सहभागिता
४. वादी समुदायका महिलाहरुको कार्यक्रममा सहभागिता विवरण
५. वादी समुदायका महिला लक्षित/घर विकास योजना कार्यक्रममा भएको खर्चको विवरण

# ‘वादी’ लक्षित घर विकास योजना कार्यक्रमको प्रभावकारिता अध्ययन प्रतिवेदन, २०७४

## (१) वादी समुदाय र घर विकास योजना :

### १. वादी समुदायः

वादी समुदाय, नेपालका १२५ जातजाती समुदाय मध्ये सीमान्तकृत, पिछडिएको, विभिन्न रुपमा उत्पीडित, बहुविपन्न र वर्षौ देखी पाखा परेका जाती समुदायका रुपमा चिनिएको समुदाय हो । वादी समुदायको कुल संख्या ३८६०३ (२०६८ सालको जनगणना) रहेको छ । यो संख्या नेपालको कुल जनसंख्याको ०.१५ प्रतिशत अंश रहेको छ । यो संख्या २०५८ सालको जनगणनामा ४८९३ मात्र थियो । जुन संख्या नेपालको कूल जनसंख्याको ०.०२ प्रतिशत मात्र रहेको थियो । (अनुसूची १) पहिला पहिला बादी समुदाय भन्न अलिक हिचकिचाउने, मननपराउने र अरुद्वारा हेपिने डरत्रासमा धेरैले ‘नेपाली’ भनेर चिनाउने र जनगणनामा ‘नेपाली’ लेखाएकाले वादीको जनसंख्या वि.सं.२०५८ सम्म पनि थोरै देखिएको विश्वास गरिएको छ ।

वादी समुदायको बसोबास नेपालको सबै जिल्लाहरुमा भए पनि पश्चिम नेपाल अर्थात् दाङ्ग, सल्यान, बाँके, बर्दिया, सुर्खेत, जाजरकोट, दैलेख, कैलाली कञ्चनपुर र दार्चुला जिल्लामा बढी देखिन्छ । इतिहासतर्फ फर्केर हेर्दा, १८ औ शताब्दीताका भारतको कुमाउ गडवाल एवं विहार तिरबाट नेपाल सरहदमा प्रवेश गरेका र तत्कालिन नेपालका बाइसे चौविसे राज्यका शासनकालमा सल्यान, जाजरकोट र मुसिकोट क्षेत्रमा बसोबास गरेको पाइन्छ । तत्कालिन राजाका दरवार, सामन्तहरुका घरमा तथा धनी व्यक्ति र उच्च घरानियाका घरमा नाच्ने, गाउने गर्दथे भने कोही माछा मार्ने जाली, वाद्यवादनका (मादल, तवला, सारङ्गी) साधन बनाउने समेतको काम गरी जीविका चलाउदथे भन्ने विवरण पाइन्छ । Thomas Cox का अनुसार वादीहरु नेपालको लिच्छवि वंशकालमा (100BC-880AD बीचमा) भारतको विहारबाट आएको उल्लेख छ । बादी समुदाय नेपालको सामाजिक नक्सामा/संरचनामा (Social Landscape) हरेक दृष्टिकोणबाट उत्पीडित, सीमान्तकृत र सामाजिक विकासको मूलधारबाट धेरै टाढा वा पर किनारामा रहेको समुदायका रुपमा रहेको पाइन्छ । चरम गरिवी, सचेतनाको कमी, आत्मबलको अधिक न्यूनता र सामाजिक पूंजीको अभाव नै यी समुदायको पछाडी पर्नाको कारणहरु मध्ये पहिलो पंक्तिको जिम्मेवार कारण मानिएको छ ।

वि.सं. २०६० सम्म पनि परम्परागत कार्य मै रमाई बसेका वादीहरु आजका दिनमा कृषि तथा अन्य आय आर्जनका कार्यलाई व्यवसाय बनाई अग्रगमन तर्फ उन्मुख रहेको पाइन्छ । केही वर्ष यता नयाँ आय आर्जन गर्न, रोजगारी पाउन तथा सुखद जीवनको अटल दृढ इच्छाका कारण (Pull Factor) र खेतीपाती **जग्गा** जमिन नभएबाट (Push Factor) विस्तारै तराई र पहाडका अन्य जिल्लाहरुमा बसाई सराई गरेको पाइन्छ । वि.सं.२०६८ को राष्ट्रिय जनगणना अनुसार नेपालको ७७ जिल्लामा (साविक ७५) बसोबास रहेको पाइन्छ (अनुसूची १) । वादी समुदायको धेरै जनसंख्या रहेको जिल्लाका रुपमा कास्की (४०४६), डोटी (२९५८), कैलाली (२८२२), सुर्खेत (१८५५), दाङ्ग (१७१८), जाजरकोट (१२१७), काठमाडौं (२०१३), कंचनपुर (१२५८) र बाजुरा (१८७८) पर्दछन् ।

### २. वादी समुदाय लक्षित कार्यक्रमः

१८ वौ शताब्दीमा नेपाल सरहदमा बसोबास गर्न थालेको भएतापनि हिन्दु समाजको वर्ण व्यवस्था बमोजिम र प्रवेशको अवस्थामा नाचगान, बाजाबजाउने (विवाह भोजभतेर एवं खुशियाली मनाउदा) र महाभारत र

रामायणका कथा गाउँदै नाच्दै एक गाँउबाट अर्को गाउँबस्ती पुग्दै अन्य जाती समुदायलाई मनोरञ्जन दिलाउने र आफ्ना लागि लत्ता कपडा खाद्यान्न र रकमको (अर्थ) संकलन गर्दै जीविकोपार्जन गरिरहेको समुदाय हुन यी वादीहरु ।

यी वादी समुदायका मानिसहरु पिछडिएको, उत्पीडनमा परेका र जीविकोपार्जनको दिगो र भरपर्दो श्रोत नभएकोले विकासको मूलधार भन्दा पर रहेको हुदाँ आर्थिक-सामाजिक सशक्तिकरण गरी आत्मनिर्भर बनाउदै राष्ट्रिय मूलधारमा ल्याउन नेपाल सरकारले पहिलो पल्ट आ.व.२०६१।६२ मा ४ जिल्लाका १८० जनालाई लक्षित गरि "महिला स्ववलम्बन तथा राष्ट्रिय क्षमता सुदृढिकरण कार्यक्रम" क्ल्क्ष्ए अर्न्तगत द्वन्द प्रभावित जिल्लाका अति विपन्न एकल महिलाका लागि सशर्त नगद हस्तान्तरण (केन्द्रस्तर) को कार्यक्रमसंचालन गरेको पाइन्छ । यद्यपि यस कार्यक्रमले ४० वटा समूह गठन गर्ने, ४ वटा संस्था गठन गर्ने, १७० जनालाई आधारभूत तालिम दिने, १०० जनालाई लैङ्गिक तथा प्रजनन स्वास्थ्य तालिम दिने, १८० जनालाई विभिन्न सीप विकास तालिम एवं वस्तुगत टेवा प्रदान गर्ने लक्ष्य राखेको थियो । कार्यान्वयन गर्दै जाँदा वादी महिलाहरुको ३५ समूह गठन भए, १८० जनालाई आधारभूत तालिम दिइयो । यसै गरी ९२ जनालाई लैङ्गिक तथा प्रजनन स्वास्थ्य तालिम दिइयो, २ वटा संस्था  गठन भए र १४४ जनाले सीप विकास तालिम प्राप्त गरि वस्तुगत टेवा समेत प्राप्त गरेको पाइन्छ । तत् पश्चात्का आ.व. २०६२।६३ र २०६३।६३ मा यस सम्बन्धी कुनै कार्यक्रम संचालन भएनन् ।

एक आर्थिक वर्षमा मात्र संचालन भएको कार्यक्रमबाट यिनीहरुको जीवनमा, जीविकोपार्जनमा र सशक्तिकरणमा अपेक्षित (खासै) सुधार आउन नसकेको र आर्थिक रुपले भरपर्दो व्यवसाय शुरुवाती र विकास गर्न तर्फ प्रगति हुन नसकेको र वादी महिलाहरुले अपनाइ आएको परम्परागत "पेशा" लाई त्याग्न नसकेको तितो अनुभव  छ । अन्य व्यवसायमा आकर्षित गराउन राज्य कमजोर भएकाले यस्तै प्रकृतिका कार्यक्रमबाट मात्रै यी वादी समुदायको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउन नसकिने ठम्याई पछि नयाँ सोच, नयाँ लक्ष्य र नयाँ कार्यक्रमबाट आर्थिक-सामाजिक सशक्तिकरण गर्ने, उत्थान एवं संरक्षण गर्ने र विकासको मूलधारमा ल्याउन आवश्यक रहेको सिकाई र निष्कर्षबाट आ.व. २०६४।६५ देखि वादी समुदायका महिलाहरुको सशक्तिकरण गर्न सशर्त नगद हस्तान्तरण रणनीति (Conditional Cash Transfer) बमोजिम "घर विकास योजना अनुदान" कार्यक्रम संचालन गरियो ।

## ३. घर विकास योजना :

आ.व.०६४।६५ बाट लक्षित वादी समुदायका महिलालाई भावनात्मक रुपमा जागृत गराउने, आर्थिक रुपले आत्मनिर्भर बनाउने र सामुदायिक जीवन एवं कार्यक्षेत्रमा पनि सक्रिय तुल्याउने गरि एकिकृत क्रियाकलाप मार्फत आर्थिक रुपमा आत्मनिर्भर बनाई सामाजिक विकासको मूलधारमा ल्याउन ५ जिल्लाका ८० परिवारमा यो घर विकास योजना संचालन गरिएको थियो । यस भित्र लक्षित वादी महिलाले आफैले तयार गरेको "घर विकास योजना" कार्यान्वयनका लागि प्रति परिवार अधिकतम रु १५ हजारसम्म अनुदान दिने, सोही घर विकास योजना अनुसारको सीप विकास तालिमहरु प्रदान गर्ने मुख्य कार्यक्रम रहेको थियो । घर विकास अनुदान दिदा शर्तका रुपमा मानवीय विकासका साथै संचितीको अर्थमा पारिवारिक पूंजी सिर्जना गर्नुपर्ने रहेको थियो । सो कार्यक्रमको कार्यान्वयनबाट सचेतना अभिवृद्धि गरी आयमूलक व्यवसाय संचालन गरि आर्थिक रुपले आत्मनिर्भर बनाई सहभागि वादी महिला र निजको परिवारको जीवन सुखद बनाउने मुख्य उद्देश्य रहेको थियो । आ.व.२०६४।६५, आ.व.२०६६।६७ र आ.व.२०६७।६८ तीन आर्थिक वर्ष मात्र घर विकास योजना संचालन भयो । त्यस पछिका वर्षहरुमा घर विकास योजना कार्यक्रमको अनुशरण कार्यक्रम मात्र संचालन भएको पाइन्छ ।

### ४. नेपालको संविधान र नेपाल सरकारको प्रतिवद्धता :

नेपालको वर्तमान संविधान मार्फत नेपाल राज्यको सबै प्रकारका विभेद र जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गरि समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समातामूलक समाजको निर्माण गर्ने संकल्प लिएको र पिछडिएका/पछि परेका, सीमान्तकृत, विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर र लाभ पाउने गरी सामाजिक न्यायको हक हुने गरि संवैधानिक प्रतिवद्धता व्यक्त भएको छ । यसैगरी १४ वौ आवधिक योजनाले (२०७३।७४-२०७५।७६) पनि यस्ता नागरिकको मानव विकास सूचकांक र सशक्तिकरण सूचकाँकमा सुधार ल्याउने उद्देश्य राखी विभिन्न कार्यक्रमहरु संचालन गर्ने नीति, रणनीति र कार्यक्रमहरु तय गरी सम्बन्धित सरोकारवाला निकाय मार्फत कार्यान्वयन गरिने जनाइएको छ । यसबाट वादी समुदायको संरक्षण, उत्थान र सशक्तिकरणमा नेपाल सरकारको प्रतिवद्धता व्यक्त भएको देखिन्छ ।

## (२) अध्ययन प्रतिवेदनको उद्देश्य, विधि, विश्लेषण र प्रस्तुतीकरण :

### १. अध्ययनको उद्देश्यः

नेपाल सरकार, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, महिला तथा बालबालिका विभाग तथा महिला तथा बालबालिका कार्यालय मार्फत संचालित "वादी महिला लक्षित घर विकास योजना कार्यक्रमको प्रभावकारिता अध्ययन गरी प्रतिवेदन दिने यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ ।

### २. अध्ययनका लागि अपनाइएको विधि :

वि.सं.२०७३ फाल्गुण १० गते नेपालगंज (बाँके) मा संचालन भएको "वादी विकास कार्यक्रमहरुको अध्ययनका लागि आयोजित अन्तरक्रिया कार्यक्रममा सहभागि वादी महिलासंग कार्यक्रम कार्यान्वयन, प्रगति र प्रभावकारिता तथा कार्यक्रमले निजहरुको जीवनमा ल्याएको सकारात्मक परिवर्तनका पक्षहरु समेटीएको ४० वटा प्रश्न रहेको semi structured प्रश्नावली अनुसूची २ मार्फत सर्भेक्षण गरि प्राप्त तथ्य एवं सूचनालाई प्राथमिक श्रोतका रुपमा आधार मानिएको छ । उक्त सर्वेक्षण कार्यक्रममा ९ जना (त्यसमा २ जनाले फारम पुरा नभरेको) वादी महिलाको सहभागिता थियो । वास्तवमा सर्भेक्षणका लागि प्रश्नावली भर्ने कार्यक्रमले समेटिएको जिल्ला १ र सहभागिता संख्या (७ जना) को आधारमा हेर्दा उक्त संख्या विश्लेषणका लागि ज्यादै संकुचित संख्या मानिन्छ । ७ जनाले व्यक्त गरेको विचारले समग्र कार्यक्रमको विश्लेषण एवं मूल्यांकन सहि दिशा र ढंगबाट हुन सक्ने अवस्था रहेन । यद्यपि सहभागि बादी महिलाहरु (Respondants) आफै समूह गठनमा सक्रिय रही समूह परिचालन गरेका, सीप विकास तालिम लिएका र व्यवसाय शुरु गरी अनुभव प्राप्त गरेकाहरु नै देखिएका छन् ।

यसै गरी, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयका पदाधिकारीहरु र कर्मचारीहरु, महिला तथा बालबालिका विभाग र वादी समुदाय उत्थान विकास समितिका सरोकारवाला पदाधिकारीसंगको भेटघाट तथा अन्तवार्ता (Key informats interviews) बाट प्राप्त विवरण, तथ्य र सूचनाहरुलाई समेत सूचना संकलन Primary Source का रुपमा समेटिएको छ ।

यस अध्ययन कार्यलाई वस्तुनिष्ठ, तथ्यगत बनाउन ऐतिहासिक सूचना र विज्ञहरुको विचार समेत लिनुपर्ने हुँदा त्यस्ता विवरणलाई प्राप्त गर्न माध्यमिक श्रोतका रुपमा (Secondary Source) सम्बन्धित निकायबाट तयार

भएको वार्षिक प्रतिवेदन, प्रगति पुस्तिका, पुस्तक र लेखहरु एवं Internet एवं Website Search पनि उपयोग भएको छ ।

## ३. अध्ययन प्रतिवेदन तयारी, विश्लेषण र प्रस्तुतीकरण :

यस अध्ययन प्रतिवेदन तयार गर्न मिश्रित विधि (Mixed Method) प्रयोग गरिएको छ । परिमाणात्मक विधि (Quantitative Method) बाट तथ्य र सुचनाहरु प्राप्त हुने र गुणात्मक विधि (Qualitative Method) बाट गुणसहितको विवरणात्मक सुचनाहरु प्राप्त हुने भएकाले र कार्यक्रमको उपलब्धी र सिकाईका सम्बन्धमा वस्तुगत तथ्य प्राप्त हुने भएबाट यस अध्ययन कार्यक्रममा एकल विधि भन्दा मिश्रित विधि अपनाइएको हो ।

मिश्रित विधि मध्येमा लक्षित समूहका व्यक्तिहरुमा प्रश्नावली मार्फत तथ्य र सूचना संकलन गरिएको, विद्यमान आधारभूत आकंडाहरु (आवधिक/वार्षिक प्रतिवेदनहरु माध्यमिक श्रोतबाट) लिइएको, विभिन्न दस्तावेजहरुको अध्ययन गरिएको, (कार्यक्रमसंग सम्बन्धित विभिन्न समयमा प्राप्त भएको) छ ।

माथि उल्लेखित प्राथमिक र माध्यमिक श्रोतहरुबाट प्राप्त तथ्य, सूचना र विवरणहरुलाई गुणात्मकका विधिबाट विश्लेषण गरि प्रस्तुत गरिएको छ ।

यसैगरि, यस अध्ययन प्रतिवेदनमा कार्यक्रमको उपयुक्तता, सान्दर्भिकता, लाभदायिकता र प्रभावकारिता अध्ययन गर्ने प्रयास गरिएको छ । सोको लागि निम्न प्रश्नहरुको जवाफ खोज्ने प्रयास गरिएको छ ।

- कार्यक्रमको उद्देश्य के थियो सो अनुरुप उपलब्धी प्राप्त भयो, भएन ?
- लक्षित कार्य पुरा भयो, भएन ?
- प्रभाव सकारात्मक भएको छ, छैन ?
- लाभ लागत कस्तो रहयो, वा फाइदा भयो, भएन ?
- तत्कालिन र दीर्घकालिन योगदान के कति भयो ?
- साधन श्रोतको उपयोग कस्तो रह्यो ?
- कार्यक्रमको प्रतिफल (Output) र असर (Impact) के कस्तो रह्यो ?
- उक्त प्राप्त परिमाणबाट परिलक्षित उपभोक्ता वर्ग (लाभान्वित हुने वर्ग)को जीवनस्तरमा के कस्तो परिवर्तन आएको छ ?

## ४. अध्ययनको सीमा :

यस अध्ययन प्रतिवेदनका लागि दिइएको २१ दिनको समय ज्यादै नै न्यून भएको र प्रभावकारी अध्ययन प्रतिवेदन तयारीका क्रममा गर्नुपर्ने विविध प्रकारका कार्यहरु व्यवस्थित ढंगबाट अगाडि नभएको सन्दर्भमा एउटा जिल्लामा गरिएको प्रभावकारी अध्ययन प्रतिवेदनका लागि गरिएको अन्तरक्रिया र सो कार्यक्रममा सहभागि ७ जनालाई सोधिएको प्रश्नावलीबाट प्राप्त उत्तरलाई प्रतिवेदनले मुख्य आधार मान्नुपर्ने बाध्यता रहेको विषय नै यस अध्ययनको सीमा रहेको छ ।

## (३) कार्यक्रमको प्रभावकारिता अध्ययन, विश्लेषण र प्रस्तुतीकरण :

प्रभावकारिता अध्ययन (Impact Study) ले सामान्य अर्थमा प्रतिफल (उपलब्धी), प्रभाव र असरका सम्बन्धमा लेखाजोखा गर्नु भन्ने बुझाँउदछ । प्रतिफलका रुपमा संचालित कार्यक्रममा गरिएको लगानीबाट अपेक्षित लक्ष्य अनुसारको उत्पादन र सेवाको मापन गरिनुपर्दछ । त्यसै गरि कार्यक्रमबाट प्राप्त भएको प्रतिफलको प्रयोग (उपयोग) बाट परिमाणमा देखिएको परिवर्तनको लेखाजोखा निकालिने गरिन्छ । साथै कार्यक्रमको प्राप्त परिमाणात्मक उपलब्धीहरु लक्षित समूह वा वादी महिलाहरुको जीवनस्तरमा आएको परिवर्तनको प्रकृति, प्रवृत्ति र आयातन एवं दिशा निर्देशनलाई प्रभाव भित्र समेटिएको छ ।

यस अध्ययन कार्य मुख्यतयाः सहभागिहरुसंग सोधिएको ४० वटा प्रश्नको जवाफको आधारमा लेखाजोखा र विश्लेषण गर्ने प्रयास गरिएको छ । ४० वटा प्रश्नहरुलाई निम्न समूहमा राखी व्यवस्थित गर्ने र समेट्ने प्रयास गरिएको छ ।

(क) वादी समुदायका महिलाहरुको सहभागिता

(ख) बचत गर्ने र ऋण लिने बानी व्यवहार

(ग) व्यवसायिक शीप विकास तालिम र व्यवसाय संचालन

(घ) घर विकास योजना

(ङ) वादी लक्षित कार्यक्रममा गठित समूह

(च) व्यक्तिगत क्षमतामा आएको परिवर्तन

(छ) वादी महिलाको पक्षमा आएको परिवर्तन

(ज) नेतृत्व विकास एवं अन्य संस्थामा सहभागिता

(झ) लक्षित समूहको छनौट र संगठन गठन प्रक्रियामा सन्तुष्टिको स्तर

(ञ) कार्यक्रमको फाइदा, सकारात्मक पक्ष

(ट) वादी लक्षित कार्यक्रमका समस्या र सवाल

(ठ) कार्यक्रमलाई अझ प्रभावकारी बनाउन सुझाउ

### १. वादी समुदाय, समुदायका महिला र महिला लक्षित कार्यक्रम :

'वादी' शब्द यस अघि उल्लेख गरे झै संस्कृत भाषाबाट लिइएको र यसको तत्कालिन अवस्थाको अर्थ 'बाद्यवादक' भन्ने (Thomos Cox 1993, नेपाली वृहत शब्द कोष)बुझिन्छ । कसैले आठौ, कसैले १४वौं र कसैले अठारौ शताव्दी ताका भारतको उत्तराञ्चल क्षेत्र कुमाँउ गडवाल तिरबाट नेपाल सरहदमा प्रवेश गरी पहिलो बस्तीका रुपमा सल्यान, जाजरकोट र मुसिकोटमा बसोबास गरेको विश्वास मानिन्छ । शुरुमा घुमन्ते फिरन्ते वर्गका रुपमा प्रवेश गरेको र आफ्नो जग्गा जमिन स्थायी बसोबास नभएकाले यी समुदायका मानिसहरु महाभारत रामायणका कथा भन्दै, मादल तवला सारङ्गी बजाउदै नाच गान गर्दै राजा रजौटाका दरवारमा, उच्च वर्ग सामन्तहरुका घरमा विहे भोजमा व्रतबन्ध तथा अन्य खुशीयालीमा उपस्थित सबैलाई मनोरञ्जन दिदै एक ठाउँबाट अर्को ठाउँ पुगी जीवन निर्वाह गर्ने समुदायका रुपमा परिचित थिए । त्यसै बीच, केही महिलाहरुले "पेशा" अपनाई जिविका चलाएको पनि पाइन्छ । जग्गा जमिन नभएको, घरवार नभएको, धेरैको नागरिकता पनि

नभएको र खानबस्न जीविका चलाउन दिगो आर्थिक अवस्था व्यवसाय पनि नभएकाले शुरुदेखि आजसम्म कठिन जीवन बिताउन बाध्य समूह र समूदायका रुपमा छन् यी वादीहरु ।

शुरुका अवस्थामा मध्य तथा पश्चिम नेपाल नै मुख्य बस्ती क्षेत्र भएपनि हालको अवस्थामा वादीहरुको बसोबास नभएको जिल्ला नेपालभर कहि छैन । ताप्लेजुङ्ग देखि दार्चुला र झापा देखि कञ्चनपुरसम्म हिमाल देखि तराई सम्मका सबै जिल्ला र क्षेत्रमा धेरै थोरै जनसंख्या रहेको कुरा राष्ट्रिय जनगणना, २०६८ ले प्रकट गरेको छ । वादी समुदायमा २०३०५ महिलाहरु रहेको (२०६८ राष्ट्रिय जनगणना) देखिएको छ । यी मधये द्वन्द प्रभावित जिल्लाका अति विपन्न एकल महिलाको आर्थिक पक्षमा सुधार ल्याउन सशर्त नगद हस्तान्तरण कार्यक्रमबाट शुद्ध गरि घर विकास योजना कार्यक्रम संचालन गरेको पाइन्छ ।

## २. घरविकास योजना कार्यक्रम परिचय र लगानी :

वादी समूदायका महिलाहरुलाई आर्थिक रुपले आत्मनिर्भर बनाउने मूल उद्देश्यका साथ संचालन गरिएको यस कार्यक्रममा आधारभूत तालिम, विविध प्रकारको सीप तथा आयमूलक तालिम कार्यक्रम र घरविकास योजना कार्यान्वयनका लागि मेल खाने प्रकारको तालिम कार्यक्रम संचालन गरिएको थियो। घरविकास योजना कार्यान्वयनका लागि प्रति परिवालाई रु १५,०००।- का दरले अनुदान उपलब्ध गराइएको र सोही समूहका वादी महिलालाई घरविकास योजना अनुसार व्यवसाय संचालन, करेसाबारी, बाखा पालन, कुखुरा पालन, च्याउखेती, पसल व्यवसाय(चिया, किराना) सम्बन्धी तालिम प्रदान गरिएको, वादी छात्राहरुको अध्ययन सहजका लागि सेफ नेपाल (सामाजिक संस्था) लाई प्रति महिना प्रति वादी छात्राको रु ३०००।- का दरले अनुदान उपलब्ध गराइएको देखिन्छ । यसका अतिरिक्त घर विकास योजना कार्यक्रम संचालन गर्न पूर्वाधारका रुपमा रहेको संस्थागत प्रणाली (Federation System: समूह, संस्था र समिति गठन पद्धतिबाट मात्रै महिला विकासका क्रियाकलाप संचालन हुने परम्परा भएकाले) सम्बन्धी कार्य कार्यान्वयनका लागि पनि सरकारको तर्फबाट प्रत्येक वर्ष कार्यक्रम लागू भएको जिल्लामा थप आर्थिक दायित्व व्यहोरिदै आएको पाइन्छ ।

आ.व.२०६१।६२ देखि आ.व.२०७३।७४ सम्मको ११ वर्षको दौरानमा संचालन भएका कार्यक्रमको सविस्तार अनुसूची ३ मा उल्लेख गरिएको छ ।

शुरुमा महिला स्वावलम्बन तथा राष्ट्रिय क्षमता सुदृढीकरण (SNIP) कार्यक्रम अर्न्तगत द्वन्द प्रभावित जिल्लाका वादी समुदायका अति विपन्न एकल महिलाका लागि सशर्त नगद हस्तान्तरण कार्यक्रम संचालन भएकोमा आ.व. २०६२।६३ र २०६३।६४ मा कार्यक्रम संचालन भएको पाइएन ।

आ.व.२०६४।६५ मा ५ जिल्लाका ८० परिवार, आ.व. २०६५।६६ मा दाङ्ग जिल्लाका वादी परिवारका १५ छात्रालाई छात्रावास अनुदान, आ.व.२०६६।६७ मा १० जिल्लाका १४८५ परिवार र आ.व.२०६७०६८ मा तिनै १० जिल्लाका समेटिन बांकी ८२३ परिवारलाई कार्यक्रममा समेटिएको पाइन्छ ।

आ.व.२०६९।७० देखिका पछिल्ला वर्षहरुमा घरविकास योजना अनुदान कार्यक्रमको सट्टा घर विकास योजनाको अनुशरण कार्यक्रम संचालन भएको पाइन्छ । पछिल्ला वर्षमा संचालित अनुशरण कार्यक्रममा निम्न क्रियाकलापहरु मात्र रहेको पाइन्छ ।

- समितिका अध्यक्ष र सचिवमाझ चौमासिक अन्तरक्रिया
- ३ दिने अन्तर समिति रेखाङ्कन भ्रमण

- ३ दिने समूह सदस्य पुर्नताजर्गी अनुशिक्षण
- ५दिने वादी समुदायका समितिको अगुवा नेतृत्व तथा संस्थागत विकास तालिम (आ.व.२०७३।७४)
- ७ दिने वादी समुदायका महिलाहरुका लागि प्रजनन स्वास्थ्य तालिम (२०७३।७४)

## (क) वादी समुदायका महिलाहरुको सहभागिता

आ.व.२०६१।६२ देखि आ.व.२०७३।७४ सम्मका वर्षहरुमा वादी समुदायका महिला लक्षित कार्यक्रमहरुमा भएको सहभागिता अनुसूची ४ मा उल्लेख भए अनुसार रहेको छ । कार्यक्रमको मुख्य क्रियाकलाप सीप विकास तालिम लिई आय आर्जन गर्ने कार्यक्रममा जम्माजम्मी २९४४ को सहभागिता रहेको देखिन्छ । यद्यपि कुन कुन जिल्लाका के कति वादी महिलाले के के व्यवसायमूलक तालिम प्राप्त गरी कस्तो कस्तो व्यवसाय संचालन गरी आफ्नो जीवन संचालन सुखमय बनाएका छन् भन्ने अभिलेख मंत्रालय, विभाग र वादी समुदाय उत्थान विकास समिति कहि पनि रहेको पाइएन । यस प्रकारको तथ्य सुचनाको अभिलेख भएको भए कार्यक्रमको प्रभावकारिता अध्ययन अझै सुन्दर हुने थियो ।

सर्भेक्षणका लागि सोधिएको प्रश्नावलीमा ६वटा प्रश्न सहभागिता सम्बन्धि रहेको देखिन्छ । महिला तथा बालबालिका कार्यालयबाट संचालित कार्यक्रमहरुमा तपाईको सहभागिता भएको वा नभएको प्रश्न राखिएको र उक्त प्रश्नमा समूह गठन र परिचालनमा, अनुशिक्षण, सीपमूलक तालिममा, व्यवसाय संचालन सहयोगमा, लक्षित सहयोग कार्यक्रममा (घरविकास), प्रजनन स्वास्थ्य तालिममा, नेतृत्व विकास तालिममा, अन्तर समिति रेखाङ्कन भ्रमणमा सहभागिता भएको नभएको प्रश्न राखिएकोमा १ जनाले फर्म नभरेको पाइयो । बाँकी ८ जना मध्ये सबैले एक वा दुई कार्यक्रम (प्रजनन स्वास्थ्यमा ३ जना, अनुशिक्षणमा १ जना र व्यवसाय संचालन सहयोगमा ३ जनाले) मात्र सहभागिता नभएको उल्लेख गरेको र अधिकांशमा सहभागिता पाइएकोले वादी महिलाहरुको लागि लक्षित गरि संचालित कार्यक्रमहरु सबैमा लक्षित परिवारको सहभागिता रहेको पाइयो ।

यसैगरी, महिला तथा बालबालिका कार्यालय बाहेक अन्य संस्थाबाट संचालित कार्यक्रममा आवद्ध हुनु भएको छ वा छैन भन्ने प्रश्नमा ७ जनाले अन्य निकायबाट संचालित कार्यक्रममा सहभागी भएको उल्लेख गर्नु भएको छ । ती कार्यक्रमहरुमा शिक्षा, कृषि, महिला अधिकार, हेफरको नागरिक सचेतना कार्यक्रम रहेको देखिन्छ। यस अर्थमा अधिकांश  अर्थात् ७७% सहभागिताले अन्य कार्यक्रममा पनि सहभागिता एंव आवद्धता जनाएको देखिन्छ ।

त्यस्तै, वादी समुदायका महिलाका लागि संचालित कार्यक्रमले तपाईलाई सहयोग गरेको छ छैन र थाहा छैन भनी सोधिएको प्रश्नमा १ जना बाहेक सबैको जवाफ थियो “सहयोग गरेको छ” । र सहयोग पुगेको भए तपाइलाई कस्तो प्रकारको सहयोग भएको छ भन्ने प्रश्नको जवाफमा क्षमता अभिवृद्धि भई बोल्न सक्ने, नेतृत्व दिन सक्नेमा २ जनाको जवाफ; आय आर्जनमा ३ जना; सीप विकास तालिम दिएर व्यवसाय संचालनमा सहयोग पुगेकोमा २ जना र १ जनाले नेतृत्व विकासमा सहयोग पुगेको उल्लेख गरेको पाइयो । संचालित कार्यक्रममा क्रियकलापहरुको कार्यान्वयन गर्दा क्षमता अभिवृद्धि तथा सीप विकास तालिम, नेतृत्व विकास एवं अन्य विभिन्न प्रकारका तालिम कार्यक्रममा र अन्तरक्रिया/अनुशिक्षण कार्यक्रममा सहभागिता जनाउदा निश्चय नै सहभागि हुनेको क्षमता तिखारिन पुगेबाट क्षमता बढेको हुनुपर्दछ । परन्तु विभागमा यस प्रकारको अद्यावधिक अभिलेख (Track Record) राखिएको पाइएन । यद्यपि यस प्रश्नावली बमोजिमको

जवाफ विश्लेषण गर्दा सहभागि हुनेको "अन्य व्यक्तिका सामु" आफ्नो कुरा राख्न सक्ने क्षमता/बोल्न सक्ने क्षमता, नेतृत्व क्षमता र निर्णय लिन सक्ने क्षमतामा बढोत्तरी आएको छ भन्नु पर्दछ ।

त्यस्तै, तपाई आवद्ध हुनु भएको कार्यक्रमहरु मध्ये कुन कार्यक्रमका क्रियाकलापहरुमा बढी सन्तुष्ट हुनु हुन्छ भनी सोधनी गरेकोमा २ जना सहभागिबाट प्रश्नावलीमा जवाफ नभरेको पाइयो । नेतृत्व विकासमा ३ जना, महिला अधिकार सम्बन्धी कार्यक्रममा ३ जना र एक जनाले व्यवसाय संचालन सम्बन्धी सीप विकास तालिम कार्यक्रममा बढी सन्तुष्ट भएको उल्लेख गर्नुभएको छ । यी तथ्यहरुको विश्लेषण गर्दा आफ्नो अधिकारका बारेमा जान्ने र आफ्ना कुरा अरुका सामु राख्न सक्ने कुरामा धेरैको चासोको विषय रहने रहेछ भन्ने निष्कर्ष हुन आएको छ ।

यसैगरी, वादी लक्षित कार्यक्रमबाट गठित समूह, समिति, संस्थामा आवद्ध हुनु हुन्छ , हुदैन, हुनुहुन्छ भने कुन पदमा कस्तो भूमिकामा हुनुहुन्छ भन्ने प्रश्नमा २ जनाले फर्ममा नभरेको, सर्भेक्षण फर्ममा भर्ने मध्ये एक जना उपाध्यक्ष, १ जना कोषाध्यक्ष, १ जना कार्यकारी सदस्य र अन्य ४ जना सदस्य भएको उल्लेख देखिन्छ । यसबाट महिला विकास कार्यक्रममा सहभागि हुनेहरु मध्ये अधिकांशले नेतृत्व लिन चाहने र सक्ने क्षमता विकास भएको मान्नु पर्ने देखिएको छ ।

यसै गरी, महिला तथा बालबालिका कार्यालयबाट संचालन गरिएको तालिम कार्यक्रम सहभागि हुनुभएको छ, छैन भन्ने प्रश्नमा ६ जनाले भाग लिएको, १ जनाले नलिएको, २ जनाले उत्तर नभरेको पाइयो । यसलाई हेर्दा अधिकांश अर्थात् २ तिहाई (६६.६%) ले सहभागिता जनाएको देखिन्छ ।

त्यस्तै, अन्य संस्थाबाट संचालित तालिम कार्यक्रममा भाग लिएको छ छैन भन्ने प्रश्नमा ६ जनाले भाग लिएको, १ जनाले नलिएको र २ जनाले उत्तर नलेखेको पाइएको छ । यसमा पनि ६६.६% वा धेरैले जुनसुकै संस्थाले संचालन गरोस् कुनै मतलब भएन तर तालिम भएपछि "सिक्ने जान्ने" भएकाले भाग लिएको भन्ने देखिन्छ । यसलाई सकारात्मक नै मान्नुपर्दछ । तर जीवनको कुनै लक्ष्य नभएको पाइयो ।

**(ख) बचत गर्ने र ऋण लिने बानी व्यवहार :**

महिला विकास कार्यक्रमको परिकल्पना "समतामय सम्पन्न समुदाय" भएको र सो लक्ष्य प्राप्तिका लागि मूलप्रवाहिकरण, समावेशीकरण र सशक्तिकरण ३ वटा आयाममा क्रियाकलाप संचालन हुने गर्दछ । महिला विकासको कार्यक्रमबाट सहकारीको भावना, समूहमा रहने र थोरै थोरै भएपनि आफ्नो वचत गर्ने बानी व्यवहार शुरुवात गर्ने र सानो सानो व्यवसाय गर्न ऋण लिने तिर्ने र उपयुक्त क्षेत्रमा खर्च गर्ने (लगानीका रुपमा) भविष्यमा त्यसबाट उपलब्धी प्राप्त हुन सकोस् भन्ने सिकाई हुन्छ । यसै मर्म, धर्म र कर्मका सिद्धान्तका आधारमा समूहमा आवद्ध महिलाले मासिक बचत गर्नुपर्ने व्यवस्था रहेको छ । यसै सन्दर्भमा सहभागि वादी महिलालाई तपाई समूहमा आवद्ध भएर बचत गर्नु भएको छ, यदि छ भने मासिक कति बचत गरिरहनु भएको छ भन्ने प्रश्न सोधिएकोमा ६ जनाले मासिक रु १००।- का दरले, १ जनाले मासिक १२५।-का दरले बचत गर्नु भएको व्यहोरा जनाउनु भएको छ ।

यसैगरी, संस्थाबाट ऋण लिनु भएको छ भन्ने प्रश्नमा ४ जनाले मात्र ऋण लिएको उल्लेख छ । १ जनाले १५% व्याजदरमा, २ जनाले २% र १ जनाले १.५% व्याजदरमा ऋण लिने गरेको उल्लेख छ । यसबाट बचत गर्ने, ऋण लिने बानी बसेको र विस्तारै यस विषयमा क्षमताको वृद्धि भएको देखिन्छ ।

त्यस्तै, लिएको ऋण रकम कुन कुन कार्यमा खर्च गर्नु भएको छ भन्ने अर्को प्रश्नमा २ जनाले व्यवसाय संचालन गर्ने कार्यमा, एक जनाले परिवारको स्वास्थ्यमा र १ जनाले छोरा छोरीको शिक्षामा खर्च गरिरहनु भएको उल्लेख छ । यस जवाफले सहभागी महिलाहरुले विस्तार विस्तारै उत्पादकत्व हुने क्षेत्रमा लगानी गर्ने गरेको पाइयो ।

**(ग) व्यवसायिक सीप विकास तालिम र व्यवसाय संचालन :**

महिलाहरु आर्थिक रुपमा कमजोर हुनु र परनिर्भरता रहनु नै आर्थिक रुपमा कमजोर हुनु हो भने आर्थिक रुपले कमजोर भएपछि सबै पक्ष र विषयमा कमजोर सावित हुने र परिवारका अन्य सदस्य माथि निर्भर हुनुपर्दा महिलाको सशक्तिकरण नभई मूलधारमा आउन नसक्ने कुरामा निश्चित भएकाले यस कार्यक्रममा आर्थिक रुपले महिलालाई आत्मनिर्भर बनाई आय आर्जन हुने वा आम्दानी हुने कामका लागि व्यवसाय संचालन गर्न सक्ने गरी सीप विकास तालिम दिने क्रियाकलापहरु समावेश गरिएको पाइन्छ ।

यसै सिलसिलामा, प्रश्नावलीमा सहभागीलाई ५ वटा प्रश्न राखिएको थियो ।

- ✓ तपाईले महिला तथा बालबालिका कार्यालयले संचालन गरेको व्यवसायिक तथा सीप विकास तालिममा सहभागि हुनु भएको छ , छैन
- ✓ अन्य संस्थाबाट संचालन भएको सीप विकास तालिमका सहभागि हुनुभएको छ , छैन
- ✓ तपाईले लिनु भएको व्यवसायिक तथा सीप विकास तालिम र टेवाबाट कुनै उद्यम र व्यवसाय संचालन गर्नु भएको छ , छैन
- ✓ यदि छ भने उद्यम व्यवसायको प्रकार, लगानी भएको पूंजी, त्यसका लागि ऋण र आफ्नो निजी लगानी, बजार क्षेत्र र त्यसबाट हुने सक्ने वार्षिक आम्दानीका सम्बन्धमा प्रश्न राखिएको थियो ।
- ✓ उक्त उद्यम व्यवसायबाट आर्थिक विकास र जीविकोपार्जनमा के कस्तो सहयोग पुगेको छ ।

महिला तथा बालबालिका कार्यालयबाट संचालन गरिएको तालिम कार्यक्रममा ६ जनाले भाग लिएको देखिन्छ भने २ जनाले प्रश्नावलीको कुनै उत्तर नभरेको; १ जनाले तालिम नलिएको विवरण उल्लेख गरेको पाइयो । तालिम लिएका मध्ये बाख्रापालन २ जनाले; चिया नास्ता पसल १ जनाले र १ जनाले केरा खेती र माछा पालन व्यवसाय संचालन गरी राम्रै प्रगति गरेको पाइयो ।

यसैगरी, संचालन गरेको उद्योग व्यवसायबाट बालबालिकाको पोषण एवं शिक्षा, परिवारको स्वास्थ्यमा, घरखर्च गर्न र पुनः लगानी गर्ने कार्यमा सहयोग पुगेको उल्लेख गरेका छन् । सर्भेक्षणमा सहभागी हुने मध्ये ३ जनाले घरखर्च टार्न र परिवारको शिक्षा र स्वास्थ्यमा सहयोग पुगेको र एक जनाले आयवृद्धि भएको र पुनः लगानीका लागि सहयोग पुगेको बताएका छन् ।

**(घ) घरविकास योजना :**

वादी समुदायका महिला लक्षित घर विकास कार्यक्रम र यसको उद्देश्यका बारेमा कार्यक्रम संचालन गर्दा तपाईलाई जानकारी गराइएको थियो वा थिएन भन्ने प्रश्नको जवाफमा ६ जनाले जानकारी गराइएको थियो भनेका छन् भने एक जनाले कुनै जानकारी गराइएको थिएन भन्ने जवाफ प्राप्त भएको छ । यसर्थ, अधिकांशले भने अनुसार कार्यक्रम संचालन गर्दा कार्यक्रम र उद्देश्यका बारेमा जानकारी गराएको र गराउने गरेको पाइयो ।

**(ङ) वादी लक्षित कार्यक्रममा गठित समूह :**

तपाईलाई परेका समस्याहरु वादी लक्षित कार्यक्रमबाट गठित समूहमा राख्दा समूहले कसरी लिने गरेको छ भन्ने प्रश्नको जवाफमा १ जनाले समूहले गहन तरिकाले सुन्ने गरेको छ भने २ जनाले राम्ररी सुनेको उल्लेख गरे र ४ जनाले ठिकठिकै सुन्ने गरेको दर्शाएका छन् । अर्को केही मात्रामा सुन्ने र समस्या नै सुनिदैन भन्नेमा कोही देखिएन भने २ जनाले प्रश्नावली फर्ममा कुनै कुरा उल्लेख गरेको पाइएन । यसबाट के प्रष्ट भयो भने समूहका सदस्यहरुले आफ्नो सदस्यको समस्यालाई सुन्ने गरेको पाइयो ।

**(च) व्यक्तिगत क्षमतामा आएको परिवर्तनः**

यस वादी समुदाय लक्षित कार्यक्रम महिला, बालबालिका तथा समाज कल्याण मंत्रालयको नेतृत्व र नीतिगत निर्देशन र परिधी भित्र रही महिला तथा बालबालिका विभाग र अन्तर्गतको महिला तथा बालबालिका कार्यालयबाट संचालन गरिदै आएको महिला विकास कार्यक्रम कै एक अभिन्न कार्यक्रम हो । त्यसैले, महिलाको सबै पक्षिय सशक्तिकरण गर्ने मूल लक्ष्य भएको सन्दर्भमा वादीका लागि संचालित यस कार्यक्रमले पनि सचेतना अभिवृद्धि गर्ने, निर्णय क्षमता बढाउने र आय आर्जनमा बढोत्तरी ल्याउने उद्देश्य राखेको हो । तसर्थ, विभिन्न आधारभूत तालिम, सचेतना तालिम एवं व्यवसाय संचालन सीप विकास तालिम कार्यक्रमबाट निश्चय नै निर्णय गर्ने क्षमतामा परिवर्तन ल्याएको पाइन्छ। प्रश्नावलीमा १२ वटा (पारिवारिक विषयहरुमा स्वयं निर्णय गर्ने, छरछिमेक समूह र समूदायको निर्णय गर्ने, स्थानीय संघसंस्थामा निर्णय गर्ने, प्रजनन स्वास्थ्यका बारेमा, बजारमा खरिद तथा विक्री गर्ने, सम्पत्ति बेचबिखनमा दैनिक घरायसी काममा, पशुपालन बेचविखनमा, पारिवारिक स्वास्थ्यमा, शिक्षामा, सामाजिक रितिरिवाजमा र राजनीतिक सहभागिताका बारेमा निर्णय गर्ने, विषयसंग सम्बन्धित निर्णय लिने कार्यमा क्षमता बढे नबढेको विषय सम्बन्धित रहेका छन् ।

यसमा प्रश्नको जवाफमा ४ जनाको (५७ प्रतिशत) जवाफ अनुसार “सबै विषयमा निर्णय क्षमता बढेको” अनुभव उल्लेख गरेको पाइयो । यसैगरी सम्पत्ति बेचबिखन, राजनीतिक सहभागिता र शिक्षाको विषयमा एक्लैको निर्णय भन्दा परिवारका अन्य सदस्यसंग मिलेर गर्छौं भन्ने उल्लेख भएको देखियो । निर्णय गर्ने क्षमता तर्फ सशक्तिकरण कार्यक्रमको आवश्यक रहेको भन्नेमा ३ जना अर्थात् ४३ प्रतिशतले आफ्नो मत जाहेर गरेको देखियो ।

**(छ) वादी महिलाको पक्षमा परिवर्तन :**

समग्रमा वादी लक्षित कार्यक्रमले वादी महिलाहरुको पक्षमा परिवर्तन ल्याउन मद्दत गरेको छ , छैन यदि छ भने कुन कुन परिवर्तन ल्याउन मद्दत गरेको छ भन्ने प्रश्नमा ७ जनाको उत्तर सकारात्मक रहेको अर्थात् कार्यक्रमले वादी महिलाका पक्षमा परिवर्तन ल्याएको छ भन्ने Subjective Judgement गरेको पाइयो । परिवर्तन सचेतनाको स्तरमा वृद्धि भएकाले आफ्ना कुरा अरुसामु राख्न सकिने; शिक्षा, राजनीति, घरनिर्माण, तालिम जस्ता विषयमा निर्णय गर्नुपर्दा नेतृत्व दिन पनि सकिएको कुरा उल्लेख भएको छ । यसै गरी, यस कार्यक्रमले घरेलु हिंसामा समेत कमी ल्याउन मद्दत गरेको छ । ७ जनाको जवाफ यस कार्यक्रम “सकारात्मक वा छ” भन्ने प्राप्त भएको पाइयो ।

**(ज) नेतृत्व विकास एवं अन्य संस्थामा सहभागिताः**

कार्यक्रमले वादी समुदायका महिलालाई सामाजिक रुपले पनि सक्रिय बनाई लैंगिक मूलप्रवाहिकरणमा समेट्ने उद्देश्य अनुरुप कार्य गर्ने भएकाले यससंग सम्बन्ध राख्ने प्रश्नको जवाफ सहभागिहरुबाट प्राप्त गर्ने प्रयास गरिएको छ ।

के तपाई तपाईको क्षेत्रमा हुने विकास निर्माणका कार्यका लागि गठित समितिमा सहभागि हुनुहुन्छ वा हुदैन भन्ने प्रश्न मध्ये ६ जनाले "सहभागि भएको" र १ जनाले "छैन" भन्ने उत्तर समावेश गरेको पाइयो । यसले करिब ८५.७ प्रतिशत वादी महिलाले समाजका विभिन्न समितिहरुमा सहभागिता जनाएको देखिएकोले सचेतनाको कार्यक्रम सफल नै भएको पाइएको छ । त्यसैगरी, यदि सहभागी हुनु भएको भए कुन पदमा बसी कार्य सम्पन्न गर्नु भएको छ भन्ने प्रश्नको जवाफमा एक जना वन उपभोक्ता समितिका उपाध्यक्ष, एक जना बाटो उपभोक्ता समितिको कोषाध्यक्ष, एक जना सामाजिक/संघसंस्थाको उपाध्यक्षमा, एक जनाले दलित महिला संस्थामा कार्यकारी सदस्यका रुपमा कार्य गर्दै आएको उल्लेख गर्नुभएको छ । यसर्थ, आजका नेपाली वादी समुदायका ७ जना महिलामध्ये ५ जना कुनै न कुनै सामाजिक संस्थामा कार्यकारी पदमा रही कार्य गर्दै आउनु भएको पाइयो । यसले वादी समुदायका महिलाले नेतृत्व लिने र लिन सक्ने क्षमता वृद्धि भएको पाइयो ।

**(झ) लक्षित समुहको छनौट र संगठन गठन प्रक्रियामा सन्तुष्टिको स्तर :**

वादी समुदायका महिला लक्षित कार्यक्रमको शुरुवातको समयमा लक्षित कार्यक्रम 'लक्षित समूह छनौट र सांगठनिक गठन प्रक्रियामा तपाई कतिको सन्तुष्ट हुनुहुन्छ भन्ने प्रश्नमा १ जना धेरै सन्तोषजनक पक्षमा, २ जना सन्तोषजनक स्तरमा, ३ जना ठीकठीकैको पक्षमा र १ जना कम सन्तुष्ट रहेको पाइयो । यसले कार्यक्रम संचालनमा ८५.७ प्रतिशत महिलाहरु सन्तुष्ट भएको जनाएको छ ।

**(ञ) कार्यक्रमको फाइदा, सकारात्मक पक्ष :**

'एक सिक्काका दुई पाटा हुन्छ' भनेझैं जुनसुकै र जस्तोसुकै कार्यक्रमको पनि सकारात्मक पक्ष/फाइदा दिने कार्यहरु र अर्को नकारात्मक पक्ष वा असर पर्ने कार्यहरु रहेको हुन्छ र हुनुपर्छ । यस कार्यक्रमले दिएको सकारात्मक पक्ष र फाइदाका बारेमा उल्लेख गर्न प्रश्नावलीमा ३ वटा स्थानमा लेख्नको लागि खालि छाडिएको (Open ended questionaire) राखिएको थियो ।

३ जना सहभागिबाट व्यवसायिक सीप विकास भएको जसबाट आय आर्जन गर्न सकिएको र फजूल खर्च घटाई सानो तिनो भएपनि बचत गर्ने बानी व्यवहार बसेको जवाफ प्राप्त भएको छ । निर्णय गर्ने क्षमता बढेको, नेतृत्व गर्ने क्षमता बढेको र आत्मविश्वास बढेको भनी २ जनाले उल्लेख गरेको पाइयो । एक जनाबाट क्षमता बढेको र छोराछोरी पढाउन सजिलो भएको बताउनु भएको छ । यी प्राप्त उत्तरहरु हेर्दा संचालित कार्यक्रमबाट वादी समुदायका महिलाहरुले विभिन्न प्रकारले फाइदा लिएको देखिन्छ ।

**(ट) वादी लक्षित कार्यक्रमका समस्या र सवाल :**

कुनै पनि विषय राम्रो राम्रो मात्र हुदैन । त्यसमा नराम्रो अर्थात् समस्याहरु पनि रहेका हुन्छन् भन्ने मान्यता विश्वव्यापी रहेको छ । यसर्थ, यस कार्यक्रममा पनि समस्या र सवाल हुनैपर्छ । कतिले प्रकट गर्छन् कतिले गर्दैनन् त्यत्ति मात्र फरक हो ।

प्राप्त प्रश्नावलीमा उल्लेखित जवाफ हेर्दा वादी समुदायका महिलाहरुको समस्या र सवाल निम्नानुसार रहेको पाइयो ।

(१) नागरिकता प्राप्त गर्न नसकेको

(२) तल्लो जात भनेर हेप्ने प्रवृत्ति समाजमा रहेको र छुवाछुतको समस्याको विद्यमानता रहेको

(३) योग्यता अनुसार काम नपाउनु र बेरोजगार संख्या धेरै रहेको

(४)चेलीबेटी बेचबिखनको समस्या अझै रहेको

(५) वादी समुदायका एकल महिलाले सामाजिक सुरक्षा भत्ता नपाएको

**(ठ) कार्यक्रमलाई अझ प्रभावकारी बनाउन सुझाउः**

सर्भेक्षणमा सहभागी वादी महिलाहरुबाट प्राप्त सुझाउ हेर्दा निम्न विषयमा कार्यक्रम संचालकहरुले ध्यान दिनुपर्ने उल्लेख गरेको पाइयो ।

(१) कमलरीहरुको उद्धार र संरक्षण पुर्नस्थापना प्रभावकारी बनाउनुपर्ने

(२) आय आर्जनका लागि दिइने अनुदान रकम सानो भएकाले बढाउनुपर्ने

(३) व्यवसाय सम्बन्धी सीप विकासका लागि Advanced level को सिकाइ आवश्यक रहेको

(४) वादी समुदायका लागि गरिने योजना तर्जुमा गर्दा वादी समुदायका महिलालाई अगाडी जानकारी गराएर गर्नुपर्ने

(५) कार्यक्रमलाई निरन्तरता दिनुपर्ने

## (४) कार्यक्रमले वादी समुदायका नागरिकको जीवनमा पारेको प्रभावः

मानव जीवनको अन्तिम लक्ष्य मुक्ती भए पनि यो सांसारिक जीवनको लक्ष्य भनेको सुख, समृद्धि र सन्तुष्टि नै हो । त्यसैले सामान्यतयाः हरेक कार्यक्रम संचालन गर्नुको मुख्य ध्येय नागरिकको जीवन सुख, शान्ति र समृद्धि कायम गर्नु हो । तसर्थ, वादी समुदायका लागि एक दशक अवधिसम्म संचालित कार्यक्रममा नेपाल सरकारको तर्फबाट करिब ७ करोड रकम लगानी भएको छ भने सम्बन्धित सरोकारवाला समूह, वादी समुदाय स्वयंले १० वर्ष भन्दा माथिको समय, श्रम र सीपको लगानी गरेको पाइन्छ । जसलाई आर्थिक पाटो अर्थात् अर्थ मूल्यसंग हिसाबकिताब गर्न सकिदैन र त्यसरी हिसाब राख्ने गरिएको पनि छैन । वादी लक्षित कार्यक्रमले वादी समुदायका नागरिक जीवनमा पारेको प्रभावलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

(१) सरकारी रकम कलममा वादी समुदायको पहुंच वृद्धि भएको

(२) वचत गर्न सिकाएको, संगठीत गर्ने कार्य (समूहमा आवद्ध हुने), नागरिक अधिकारका बारेमा सचेतना बढेको र जसले गर्दा वादी महिलाको सामाजिक सशक्तिकरण भएको ।

(३) आर्थिक उपार्जनको पाटोमा लाग्न सिकाई भएको, उत्प्रेरित गरेको र व्यवसाय संचालनबाट आत्मनिर्भर हुन मद्दत पुग्दछ भन्ने सिकाइ भएको

(४) पुरुषले मात्र होइन महिलाले पनि कमाई गर्न सक्दछन् भन्ने मान्यताको विकास भएको,

(५) अलग्गै किसिमले चल्ने (जीवन चलाउने) परिपाटीबाट मूलप्रवाहीकरण र सामाजिक मूलधारमा ल्याउने प्रयास सफल भएको

(६) वादी समुदायका छात्राहरुलाई दिएको छात्रवृत्तिबाट पछिल्ला पिढीका केटाकेटी वा हालका महिलाहरुलाई वादी समुदायका महिलाहरुको परम्परागत "पेशा" बाट अलग हुन मद्दत गरेको ।

(७) निर्णय क्षमतामा वृद्धि भएको, नेतृत्व दिन सक्ने क्षमता बढेको,

(८) आफ्नो कुरा अरुका सामु राखी बुझाउन सक्ने क्षमतामा वृद्धि भएको

## ५. निष्कर्षः

प्रत्येक व्यक्ति सुख, समृद्धि र सन्तुष्टिको चाहना राख्ने भएकाले राज्यले आफ्ना जनताको जीवनलाई सुखमय, आनन्दीत र आर्थिक सामाजिक रुपले समृद्धशाली बनाउने सकेमा राष्ट्र नै समृद्धशाली हुने भएकाले सामाजिक रुपान्तरण गर्ने लक्ष्य अनुरुप आयमूलक, चेतनामूलक, रोजगारमूलक, उत्पादनमूलक कार्यक्रम संचालन गरेको हुन्छ । महिला, बालबालिका तथा समाज कल्याण मंत्रालय र अन्तर्गतका महिला तथा बालबालिका विभाग र कार्यालयबाट संचालन गरिएको "वादी समुदायका महिला लक्षित कार्यक्रम/घरविकास योजना कार्यक्रम" ले निश्चय नै ती समुदायका नागरिकको जीवन (जो कार्यक्रममा समेटिएका थिए) मा सकारात्मक परिवर्तन ल्याएको छ । जीवनस्तरमा केही न केही रुपमा भएपनि गरिबीको रेखाभन्दा माथि उचालेको छ । सामाजिक रुपान्तरण गर्ने कार्य एकदिनमा नसकिने एवं लामो समय लिने भएकाले यस्ता कार्यक्रमहरु एकपटक एक क्षेत्रमा संचालन गरेर कदापि नपुग्ने र त्यसले समुदायलाई जिस्क्याउने कार्य मात्र गर्ने भएकाले यस्ता कार्यक्रमले लामो समयसम्म चलाउनु अर्थात् यसले निरन्तरता पाउनुपर्ने कुरा जोड रहेको छ ।

कार्यक्रमले वादी समुदायका महिलाको जीवन निर्वाह शैलीमा केही सकारात्मक परिवर्तन, मानव जीवनको मूल्य र मानव भएर बाँच्न सिकाउन खोजेको पाइयो । आय आर्जन गर्न गराउन शीप सिकाएको केही गर्न उत्प्रेरित गरेको, महिलाले पनि कमाई गर्न सक्दछन् भन्ने पाठ सिकाएको र केही गरि/आर्थिक आर्जन गरि खान सिकाएकाले

- कार्यक्रमको उद्देश्य "वादी समुदायका महिलालाई आर्थिक रुपले आत्मनिर्भर बनाउने, सामाजिक विकासको मूलधारमा ल्याउने" प्राप्ती भएको देखिन्छ ।
- वार्षिक कार्यक्रमका रुपमा संचालन हुने सन्दर्भमा साल सालका कार्यक्रमको लक्ष्य र उपलब्धीलाई हेर्दा लक्षित कार्य पुरा भएको पाइन्छ तथापि वादी समुदायका महिलाको संख्या (२०३०५) लाई हेर्ने हो भने कार्यक्रमले बल्ल तल्ल १/३ एक तिहाई महिलालाई समेट्न सकेको देखिदा लक्षित कार्य पुरा भएको मान्न सकिएन ।

- कार्यक्रम संचालन पूर्वको Baseline Survey प्राप्त नभएकोले समष्टीमा कार्यक्रमको प्रभाव तथ्यगत विशलेषण गरी भन्न सकिने अवस्था रहेन तथापि अन्तरक्रियामा सहभागिता जनाउनेहरुबाट भरिएको प्रश्नावली फर्म अनुसार भन्दा आफ्ना कुरा अरुसंग राख्न सक्ने गरी नेतृत्व विकास भएको, आय आर्जन गर्न सक्ने भएको देखिदा प्रभाव राम्रो देखियो ।
- सबै आर्थिक वर्षको तथ्याङ्क उपलब्ध हुन नसकेकाले लाभ लागत विश्लेषण गर्न सकिएन ।
- कार्यक्रम लागु भएका र त्यसमा पनि कार्यक्रमले समेटेको वादी समुदायका महिलाहरुको जीवनमा केही गर्न सकिन्छ, पुरुषसरह महिलाले पनि कमाइ गर्न सक्दछन् भन्ने र आफ्नो कुरा अरु समक्ष राख्न सक्ने बनाएको यी उल्लेखित उपलब्धीका आधारमा निष्कर्षमा पुग्दा थोरै भएपनि घर विकास योजना कार्यक्रम सान्दर्भिक र प्रभावकारी भएको पाइयो ।

## ६. सुझाउः

माथि प्रश्नावलीको उत्तरलाई विश्लेषण गर्ने क्रममा सहभागिद्वारा प्रेषित जवाफलाई व्यवस्थित गर्दा उल्लेख भएको ३.१३ मा उल्लेख भएका सुझाउहरु पनि त्यत्तिकै महत्वपूर्ण देखिएका छन् । तिनीहरुलाई नेपाल सरकारले उच्च प्राथमिकतामा राखि अबका दिनमा कार्यक्रम तयार गर्ने कार्य गर्दा राम्रो हुने हुन्छ । यसका अतिरिक्त भन्नुपर्दा कार्यक्रम मात्र संचालन गर्ने होइन संगसंगै अभिलेखिकरण गर्ने कार्यमा पनि उत्तिकै ध्यान, लगनशीलता, कर्मचारीको व्यवस्था एवं अनुगमन हुन जरुरी देखिएको छ ।

## सन्दर्भ सूची :


बृहत नेपाली शब्द कोष, नेपाल प्रज्ञा प्रतिष्ठान, २०४०

वादी समुदायका महिलाहरुका लागि लक्षित कार्यक्रमको अध्ययनका लागि आयोजित अन्तरक्रिया कार्यक्रमको कार्यपत्र, महिला, बालबालिका तथा समाजकल्याण मंत्रालय, २०७३

राष्ट्रिय जनगणना, २०४८,२०५८ र २०६८, केन्द्रिय तथ्याङ्क विभाग

राष्ट्रिय अनुगमन तथा मूल्यांकन दिग्दर्शन, राष्ट्रिय योजना आयोग, २०७० असार, पाना

National Dalit Strategy Paper, 2003 Ministry of Local Development, 2054-12-28

Thomas Cox, 1992 " Badi – Prostitution as a Social Norms Among an untouchable caste of West Nepal", Contribution to Nepalese Studies

1994 "The current socio-economic status of untouchables in Nepal" occasional papers in Sociology and Anthropology, Kathmandu, Central Department of Sociology and Anthropology, Tribhuvan University, Nepal.

2000 "The intended and unintended consequences of AIDS Prevention Among Badi in Tulispur, Himalaya The Journal of the Association for Nepal and Himalayan Studies Vol.20 No 1-2 Article 8, 2000

https://wikivisually.com/wiki/Badi_People

Yam Bahadur Kisan and Gopal Nepali, 2014 – " Badi of Nepal" Enthnographic Research Series – 13 Central Department of Sociology/ Anthropology, T.U. March 2014 Kathmandu, Nepal

# अनुसूचीहरु

अनुसूची १

## वादी समुदायको जिल्लागत जनसांख्यिक विवरण, २०६८ (रा.ज.ग)

| सि.नं. | जिल्लाको नाम | पुरुष | महिला | जम्मा | सि.नं. | जिल्लाको नाम | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | ताप्लेजुङ्ग | ३० | २८ | ५८ | २८. | काठमाण्डौं | १०४० | ९७३ | २०१३ |
| २. | पाँचथर | ३४ | ४९ | ८३ | २९. | ललितपुर | १५० | १३८ | २८८ |
| ३. | ईलाम | २८ | ४१ | ६९ | ३०. | भक्तपुर | ११७ | १०० | २१७ |
| ४. | झापा | १५२ | १५१ | ३०३ | ३१. | रसुवा | २७ | २७ | ५४ |
| ५. | मोरङ्ग | ५०४ | ४५९ | ९६३ | ३२. | नुवाकोट | १७७ | १७० | ३४७ |
| ६. | सुनसरी | २०९ | २२५ | ४३४ | ३३. | धादिङ्ग | ९५ | ७२ | १६७ |
| ७. | धनकुटा | ३९ | ५८ | ९७ | ३४. | मकवानपुर | ८४ | २५ | ७३ |
| ८. | तेह्रथुम | १५४ | १८२ | ३३६ | ३५. | चितवन | ३९१ | ४४९ | ८४० |
| ९. | संखुवासभा | २५ | ३९ | ६४ | ३६. | कास्की | १८९१ | २१५५ | ४०४६ |
| १०. | भोजपुर | २० | २२ | ४२ | ३७. | तनहुँ | ७७८ | ९३९ | १७१७ |
| ११. | सोलुखुम्बु | ६१ | ५९ | १२० | ३८. | स्याङ्जा | ७९ | ८३ | १६२ |
| १२. | ओखलढुङ्गा | १०१ | ९१ | १९२ | ३९. | पर्वत | ३६ | ४५ | ८१ |
| १३. | खोटाङ | ८७ | १०१ | १८८ | ४०. | बाग्लुङ्ग | ३५ | ४२ | ७७ |
| १४. | उदयपुर | ७८ | ७४ | १५२ | ४१. | म्याग्दी | ५२ | ७० | १२२ |
| १५. | बारा | २६ | २५ | ५१ | ४२. | गोरखा | १४८ | १५५ | ३०३ |
| १६. | सप्तरी | १८ | १९ | ३७ | ४३. | मनाङ | १ | ० | १ |
| १७. | सिराहा | ३१ | ३६ | ६७ | ४४. | मुस्ताङ | १९ | २३ | ४२ |
| १८. | धनुषा | १११ | १०६ | २१७ | ४५. | लम्जुङ्ग | १० | १८ | २८ |
| १९. | महोत्तरी | ३० | २७ | ५७ | ४६. | रुकुम | ३२३ | ३३४ | ६५७ |
| २०. | सर्लाही | २१ | २३ | ४४ | ४७. | नवलपरासी | ३८५ | ४३९ | ८२४ |
| २१. | रौतहट | १२ | ११ | २३ | ४८. | पाल्पा | ७७ | ८६ | १६३ |
| २२. | पर्सा | २२ | १८ | ४० | ४९. | रुपन्देही | ४३७ | ५०२ | ९३९ |
| २३. | दोलखा | ६० | ६६ | १२६ | ५०. | कपिलवस्तु | ३३७ | ३५६ | ६९३ |
| २४. | रामेछाप | १३८ | १७२ | ३१० | ५१. | अर्घाखाँची | १३० | १५० | २८० |
| २५. | सिन्धुली | ४९ | ४७ | ९६ | ५२. | गुल्मी | १७५ | २३० | ४०५ |
| २६. | काभ्रे | ८१ | ६६ | १४७ | ५३. | प्युठान | १६७ | २१८ | ३८५ |
| २७. | सिन्धुपाल्चोक | ४१ | ४१ | ८२ | ५४. | रोल्पा | ७६ | ७४ | १५० |

| सि.नं. | जिल्लाको नाम | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| ५५. | दाङ्ग | ७८६ | ९३२ | १७१८ |
| ५६. | बाँके | ३४९ | ३९१ | ७४० |
| ५७. | बर्दिया | ४२२ | ५१० | ९३२ |
| ५८. | सल्यान | ३५८ | ४१५ | ७७३ |
| ५९. | सुर्खेत | ८९० | ९६५ | १८५५ |
| ६०. | दैलेख | ३९२ | ४०६ | ७९८ |
| ६१. | जाजरकोट | ६२२ | ५९५ | १२१७ |
| ६२. | कालिकोट | ४७ | ४६ | ९३ |
| ६३. | जुम्ला | १४ | १४ | २८ |
| ६४. | डोल्पा | ६ | ० | ६ |
| ६५. | मुगु | ३८ | २७ | ६५ |

| सि.नं. | जिल्लाको नाम | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| ६६. | हुम्ला | ६० | ६० | १२० |
| ६७. | कैलाली | १३१४ | १५०८ | २८२२ |
| ६८. | डोटी | १२९१ | १६६७ | २९५८ |
| ६९. | अछाम | ३७४ | ४०९ | ७८३ |
| ७०. | बाजुरा | ८८९ | ९८९ | १८७८ |
| ७१. | बभ्काङ्ग | १९१ | २५३ | ४४४ |
| ७२. | कञ्चनपुर | ५६६ | ६९२ | १२५८ |
| ७३. | डडेल्धुरा | १३४ | १२७ | २६१ |
| ७४. | बैतडी | ११५ | ११७ | २३२ |
| ७५. | दार्चुला | ७७ | ७३ | १५० |
| जम्मा | | १८३३४ | २०३०५ | ३८६०३ |

श्रोतः केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय जनगणना, २०६८

अनुसूची ३

## वादी समुदायका महिलाहरुको लागि लक्षित कार्यक्रम, लगानी र सहभागिता

| आ.व. | कार्यक्रमको नाम | कार्यक्रम संचालन जिल्ला | लगानी (रु ०००मा) | सहभागिता |
|---|---|---|---|---|
| २०६१।६२ | वादी समुदायका महिला विशेष कार्यक्रम(द्वन्द प्रभावित जिल्लाका अति विपन्न एकल महिलाका लागि सशर्त नगद हस्तान्तरण ( केन्द्रस्तर) | ४ जिल्ला (दाङ्ग, बांके, वर्दिया र कैलाली | १४८६ | ७१५ |
| २०६२।६३ | कार्यक्रम नरहेको | महिला विकासको नियमित कार्यक्रम मात्र | - | - |
| २०६३।६४ | " " | " " " " " | - | - |
| २०६४।६५ | वादी महिलाको सशक्तिकरण का लागि घर विकास योजना कार्यक्रम | ५ जिल्ला (दाङ्ग, बांके, वर्दिया, कैलाली र कञ्चनपुर) प्रति जिल्ला १६ जनालाई घर विकास योजना रु ८०००।- अनुदान | १४८१ | २८८ |
| २०६५।६६ | कार्यक्रम संकुचन | दाङ्ग एक जिल्लामा मात्र वादी छात्राका लागि प्रति छात्रा रु ३०००।- का दरले सेफलाई अनुदान | ५,४० | |
| २०६६।६७ | वादी समुदायका लागि घरविकास योजना | १० जिल्ला (बांके, वर्दिया, दाङ्ग, ,सल्यान, सुर्खेत, जाजरकोट, दैलेख, दार्चुला, कैलाली र कञ्चनपुर) | २१४३५ (घर विकास अनुदान) ८११२(अन्य) | १४२९ |
| २०६७।६८ | घर विकास योजना अनुशरण कार्यक्रम | १० जिल्ला (बांके, वर्दिया, दाङ्ग, ,सल्यान, सुर्खेत, जाजरकोट, दैलेख, दार्चुला, कैलाली र कञ्चनपुर) | १२०१५(घरविकास अनुदान) ३३१७ (अन्य) | ८६७ |
| २०६८।६९ | घर विकास योजना अनुशरण कार्यक्रम | १० जिल्ला (बांके, वर्दिया, दाङ्ग, ,सल्यान, सुर्खेत, जाजरकोट, दैलेख, दार्चुला, कैलाली र कञ्चनपुर) | १६७५ (कार्यक्रम) | १६५ |
| २०६९।७० | घर विकास योजना अनुशरण कार्यक्रम | १० जिल्ला (बांके, वर्दिया, दाङ्ग, ,सल्यान, सुर्खेत, जाजरकोट, दैलेख, दार्चुला, कैलाली र कञ्चनपुर) | ७९९० (कार्यक्रम) | १०५ |
| २०७०।७१ | महिला विकास कार्यक्रम (केन्द्रस्तर) अन्तर्गत विगतका कार्यक्रम संचालन भएका जिल्लाका वादी समुदायका महिलाका लागि घर विकास योजना संचालन भएका संस्थाका अध्यक्ष तथा कार्यकारी सदस्य बीच अन्तरक्रिया कार्यक्रम १ दिने | १० जिल्ला (बांके, वर्दिया, दाङ्ग, ,सल्यान, सुर्खेत, जाजरकोट, दैलेख, दार्चुला, कैलाली र कञ्चनपुर) | ४८० | |
| २०७१।७२ | विशेष कार्यक्रम नरहेको | | | |
| २०७२।७३ | घर विकास योजना अनुशरण कार्यक्रम | १० जिल्ला (बांके, वर्दिया, दाङ्ग, ,सल्यान, सुर्खेत, जाजरकोट, दैलेख, दार्चुला, कैलाली र कञ्चनपुर) | ३९३ (कार्यक्रम) | १५ |
| २०७३।७४ | घर विकास योजना अनुशरण कार्यक्रम | १० जिल्ला (बांके, वर्दिया, दाङ्ग, ,सल्यान, सुर्खेत, जाजरकोट, दैलेख, दार्चुला, कैलाली र कञ्चनपुर) | ६५१ (कार्यक्रम) | ७५ |

**अनुसूची ४**

## वादी समुदायका महिलाहरुको कार्यक्रममा सहभागिता विवरण

| आ.व. | कार्यक्रमको नाम | क्रियाकलाप | सहभागिता | कार्यक्रम खर्च (000) |
|---|---|---|---|---|
| २०६१।६२ | महिला स्वावलम्बन तथा राष्ट्रिय क्षमता सुदृढिकरण (SNIP) कार्यक्रम ४ जिल्ला | • समूह गठन तथा परिचालन<br>• ७ दिने आधारभूत तालिम<br>• प्रजनन स्वास्थ्य तथा लैगिक सचेतना ५ दिने तालिम<br>• अधिवायन शिक्षा ३ दिने<br>• संस्थागत विकास तालिम ७ दिने<br>• संस्था गठन र व्यवस्थापन<br>• उद्यमशिलता विकास ७ दिने<br>• शीप विकास (बंगूर पालन/बाखा पालन) ७ दिने तालिम र वस्तुगत टेवा<br>• बीउ पूँजी प्रवाह<br>• वादी छात्रा छात्रावास अनुदान<br>• अनुगमन तथा स्थलगत परामर्श | ३५ संस्था<br>१८० जना<br>९२ जना<br>१६८ जना<br>६६ जना<br>२ वटा<br>६५ जना<br>१४४ जना<br>२ संस्था<br>१५ जना | १७<br>२०६<br>९२<br>१२४<br>८५<br>३०<br>३५<br>३९२<br>१५४<br>२९०<br>६१ |
| २०६४।६५ | वादी महिलाको सशक्तिकरण कार्यक्रम ५ जिल्ला : ( कञ्चनपुर, बांके, वर्दिया, दाङ्ग, कैलाली) | • ७ दिने लैगिक तथ ाप्रजनन स्वास्थ्य तालिम<br>• स्वरोजगारीका लागि शीप विकास, ७ दिने<br>• जीविकोपार्जन योजना तर्जुमा तथा कार्यान्वयन अनुदान प्रति व्यक्ति रु.८,०००।- का दरले<br>• वादी समुदायका छात्राका लागि छात्रावास अनुदान सेफ नेपाल प्रति छात्रा प्रति महिना रु.३,०००।- का दरले<br>• अनुगमन तथा स्थलगत परामर्श | ८० जना<br>८० जना<br>८० जना<br>१० जना<br>- | २३६<br>२०७<br>६४०<br>३६०<br>३८ |
| २०६५।६६ | | • वादी छात्राको अध्ययनका लागि सामाजिक संस्था (सेफ नेपाल) लाई अनुदान प्रति महिना प्रति छात्रा रु.३०००।- का दरले | १५ | ५४० |
| २०६६।६७ | वादी समुदायका महिलाका लागि घर विकास योजना १० जिल्ला (दाङ्ग, सल्यान, बांके, वर्दिया, सुर्खेत, जाजरकोट, दैलेख, कैलाली, दार्चुला र कञ्चनपुर) | • उपक्षेत्रीय स्तरीय परामर्श बैठक<br>• समुदायस्तरीय परामर्श बैठक तथा लक्षित महिला छनौट<br>• समूह गठन र बचत परिचालन<br>• समिति गठन<br>• समूह सदस्यको अनुशिक्षण ३ दिने (गाँउस्तर)<br>• महिला पुरुष सम विकास तालिम ३ दिने गाँउस्तर/संस्था समितिलाई कार्यक्रम अनुदान<br>• घर विकास योजना कार्यान्वयन अनुदान (प्रति परिवार अधिकत्तम रु.१५ हजारका दरले)<br>• घर विकास योजनाको सहजीकरण तथा अनुगमन प्रति समिति रु. १९ हजारका दरले<br>• घर विकास योजना अनुरुपको शीप विकास तालिम<br>• घर विकास योजना सर्भेक्षण तथा योजना फाराम छपाई<br>• वादी छात्राका अध्ययनका लागि अनुदान प्रति व्यक्ति प्रति महिना रु.३०००।- | २२ पटक<br>६४ पटक<br>३७६ समूह<br>६४ समिति<br>६६ समूह<br>२२ समूह<br>६६ समूह<br>६३ समिति<br>६४ समूह<br>१० पटक<br>१५ जना | ११०<br>३२०<br>१८८<br>६१०<br>१२५८<br>४४०<br>२१४३५<br>११६९<br>३३३१<br>१४८<br>५४० |
| २०६७।६८ | वादी समुदायका महिलाका लागि घर विकास योजनाको अनुशरण (१० जिल्ला) | • छुट समुदायमा परामर्श बैठक तथा लक्षित महिला छनौट<br>• छुट समुदायमा समूह गठन र बचत परिचालन<br>• छुट समुदायमा समिति गठन<br>• महिला पुरुष समविकास तालिम ३ दिने गाँउस्तर र (महिला संस्थागत समितिलाई कार्यक्रम अनुदान)<br>• छुट परिवारका लागि घर विकास योजना कार्यान्वयन अनुदान (प्रति परिवार | २९ पटक<br>१४४ समूह<br>२९ समिति<br>२८ समूह | १४५<br>७७<br>१४५<br>६३० |

| | | | | |
|---|---|---|---|---|
| | | अधिकत्तम रु १५ हजार<br>● घर विकास योजना कार्यान्वयन स्थलगत सहजीकरण, अवलोकन र प्राविधिक परामर्श<br>● घर विकास योजना अनुरुपको शीप विकास तालिम ३ दिने गाँउस्तर<br>● घर विकास सर्भेक्षण तथा योजना फाराम छपाई | ८६७ जना<br><br>८२ समिति<br>३३ समूह<br>८ पटक | १२०१५<br><br>८३४<br>७८०<br>८० |
| २०६८।६९ | वादी समुदायका महिलाका लागि घर विकास योजनाको अनुशरण (१० जिल्ला) | ● समितिका अध्यक्ष र सचिव माफ चौमासिक अन्तरक्रिया<br>● अन्तरसमिति रेखाङ्कन भ्रमण, ३ दिने<br>● समूह सदस्यको पुनर्ताजगी अनुशिक्षण ३ दिने गाउँस्तर | ३० पटक<br>१६५ जना<br>३१ समूह | ६३०<br>३८५<br>६६० |
| २०६९।७० | वादी महिलाको घर विकास योजनाको अनुशरण | ● समितिका अध्यक्ष र सचिव माफ चौमासिक अन्तरक्रिया<br>● अन्तरसमिति रेखाङ्कन भ्रमण, ३ दिने<br>● समूह सदस्यको पुनर्ताजगी अनुशिक्षण ३ दिने गाउँस्तर | २४ पटक<br>१०५ जना<br>३६० समूह | ५०८<br>२४५<br>२४० |
| २०७०।७१ | विगतमा वादी समुदायका लागि घर विकास सम्बन्धित संस्था/समितिका अध्यक्ष तथा कार्यकारी सदस्य बीच १ दिने अन्तरक्रिया | - | १ पटक | ४८० |
| २०७२।७३ | वादी समुदायका महिलाका लागि घर विकास योजनाको अनुशरण | ● समितिका अध्यक्ष र सचिव माफ चौमासिक अन्तरक्रिया<br>● अन्तरसमिति रेखाङ्कन भ्रमण, ३ दिने<br>● समूह सदस्यको अनुशिक्षण ३ दिने गाउँस्तर/ महिला संस्थालाई अनुदान | १५ पटक<br>१५ जना<br>२ समूह | ३००<br>३५<br>५८ |
| २०७३।७४ | वादी समुदायका महिलाका लागि घर विकास योजनाको अनुशरण ( ५ जिल्ला : दैलेख, सुर्खेत, वर्दिया, बांके र दाङ्ग) | ● समितिका अगुवाका लागि नेतृत्व तथा संस्था विकास तालिम ५ दिने जिल्लास्तर<br>● प्रजनन स्वास्थ्य तालिम ७ दिने जिल्लास्तर<br>● समितिका अध्यक्ष र सचिव माफ चौमासिक अन्तरक्रिया<br>● अन्तरसमिति रेखाङ्कन भ्रमण, ३ दिने<br>● समूह सदस्यको अनुशिक्षण ३ दिने गाउँस्तर/ महिला संस्थालाई अनुदान | ३० जना<br><br>३० जना<br>१४ पटक<br>१५ जना<br>२ समूह | १५७<br><br>१८१<br>२२०<br>३५<br>५८ |

अनुसूची ५

## वादी समुदायका महिला लक्षित घर विकास योजना कार्यक्रमको खर्च विवरण

| आ.व | खर्च रकम (000) |
|---|---|
| २०६१।०६२ | १४८६ |
| २०६४।०६५ | १४८१ |
| २०६५।०६६ | ५४० |
| २०६६।०६७ | २१४३५ (अनुदान)<br>८११२ |
| २०६७।०६८ | १२०१५ (अनुदान)<br>३३१७ |

| आ.व | खर्च रकम (000) |
|---|---|
| २०६८।०६९ | १६७५ |
| २०६९।०७० | ७९९० |
| २०७०।०७१ | ४८० |
| २०७२।०७३ | ३९३ |
| २०७३।०७४ | ६५१ |
| जम्मा | ६,९५,७५ |